# स्थानीय सरकार संस्थागत स्वमूल्यांकन प्रतिवेदन

बैशाख, २०७८

## चुमनुव्री गाउँपालिका,
## सिर्दिबास, गोरखा
## गण्डकी प्रदेश

# बिषय सूची


बिषय सूची ........ २

तालिका– सूचि ........ ३

नक्शाको – सूचि ........ ३

भाग—१: स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको परिचय ........ ४

१.१ पृष्ठभूमी ........ ४

१.२ स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको सान्दर्भीकता ........ ५

१.३ स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको उद्देश्य ........ ५

१.४ स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको कार्यक्षेत्र ........ ५

१.५ स्थानीय सरकार संस्थागत स्वमूल्यांकनका सिमाहरू ........ ६

भाग—२: स्थानीय सरकार संस्थागत स्वमूल्यांकनका विधिहरू ........ ७

२.१ संस्थागत स्वमूल्यांकनका विधिहरू ........ ७

२.२ अध्ययन क्षेत्र ........ ७

२.३ कार्यभारको कार्यान्वयन एवं सहमति निर्माण ........ ७

२.४ तथ्यांक संकलन ........ ८

२.५ तथ्यांक विश्लेषण तथा नतिजा प्रस्तुती ........ ९

२.६ अनुशरण (फ्लोअप) ........ ९

भाग - ३: स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कनको प्रतिफल तथा निचोड ........ ९

३. लेखाजोखाको भूमिका ........ ९

३.१ परामर्श बैठकका उपलब्धीहरु ........ ९

३.२ सबल पक्ष, सुधारगर्नुपर्ने क्षेत्र, अवसर र चुनौतिको विश्लेषण ........ ११

३.३ संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखा अंकभार (सारांस) ........ १७

३.४ संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाका बिषयगत आधारमा गरिएको बिश्लेषण ........ २०

३.५ क्षमता बिकास सम्बन्धी संचालित गतिबिधिहरु ........ ३९

३.६ संगठनात्मक तथा संस्थागत क्षमता विकास २ बर्षे रणनीतिक कार्ययोजना ........................................... ३९

भाग—४. निश्कर्ष र सुझाव ........................................................................... ५५

अनुसूची विबरणहरू ................................................................................ ५७

## तालिका– सूचि

तालिका नं १: परामर्श वैठकको नतिजाहरु

तालिका नं २: सकअचु (SWOT)  विश्लेषणको नतिजा

तालिका ३: संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाका ३ वटा शिर्षक

(समग्र, प्रकृयागत, र परिमाणात्मक) हरूमा प्राप्त अकंभार

तालिका ४: संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाबाट प्राप्त संक्षिप्त अकंभार

तालिका ५: संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाका लागि प्रयोग गरिएका विषयगत क्षेत्र, सूचक,  अपेक्षित अबस्था, हालको विद्यमान अवस्था

तालिका ६:  चुमनुव्री  गाउँपालिकाको एक बर्षे (जेठ २०७८ देखि बैशाख२०७९) रणनीतिक कार्ययोजना

## नक्शाको – सूचि

चार्ट नं १ : संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखाको  माकुरी जालो बिश्लेषण

## भाग—१: स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको परिचय

### १.१ पृष्ठभूमी

नेपालको संविधान २०७२ जारी भई सो अनुसार राज्यका तीनवटै तहका सरकारहरू क्रियाशील भएसँगै राज्यव्यवस्थाको रुपान्तरण संस्थागत भएको छ । स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा नै प्रतिवद्ध एवम् सक्षम नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न स्थानीय सरकारहरु संविधान प्रदत्त अधिकारहरुलाई स्थानीय तहमा कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरुलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो वनाउन निरन्तर क्रियाशिल भईरहेका छन । सन २०१७ मा नेपाल सरकारले स्थानीय स्तरको पुनर्गठन आयोग (LLRC) मार्फत स्थानीय तहहरूको पूनरसंरचना गर्ने निर्णय गर्यो, जस अनुरूप ७५३ स्थानीय तहहरू (२९३ नगरपालिका र ४६० गाऊँपालिका) को निर्धारण गर्यो । यी स्थानीय तहहरूलाई ६७४३  वडाहरूमा समेत विभाजन गरियो । पुनर्गठित स्थानीय सरकारहरूको मूख्य उद्वेश्य स्थानीय समुदायमा दक्ष, प्रभावकारी र उत्तरदायी तरीकाले सार्वजनिक सेवाहरू पुऱ्याउने; जनताको जीवनस्तर उकास्न सामाजिक र आर्थिक विकास गतिविधिहरू सञ्चालन गर्ने; र स्थानीय तहहरुलाई आबश्यक पर्ने नीति निर्माण र  विकास–निर्माण कार्यमा  स्थानीय जनताहरु सहभागि भई र विकासको प्रतिफल पनि तिनै स्थानीय जनताहरुले सजिलै उपभोग गर्न पाउन भन्ने रहेकोछ ।

सरकार तथा स्थानीय जनचाहना अनुरुप हाल स्थानीय सरकारहरुलाई तिनै किसिमको (व्यवस्थापकिय, कार्यपालिका तथा न्यायीक) शासकिय अधिकारहरु प्रदान गरिएको छ । जस्ले गर्दा स्थानीय स्तरमा गुणस्तरीय सेवा सुविधाहरु व्यवस्थित , जनउत्तरदायी र प्रभावकारी तरीकाबाट प्रवाह हुने अपेक्षा गरिएकोछ । उपरोक्त तथ्यहरुका आधारमा स्थानीय तहहरुको मुख्य भूमिका भनेकै आफ्नो क्षेत्रमा वसोवास गर्ने जनताहरुलाई सहज र प्रभावकारी सेवा प्रवाह गरी उनीहरुको  सामाजिक, आर्थिक स्तरमा सुधार ल्याउनु हो । २०७४ मा   मा स्थानीय निर्वाचन सफलतापूर्वक सम्पन्न भयो, जसले निर्वाचित प्रतिनिधिहरूलाई स्पष्ट जनादेश, जिम्मेवारी र कार्यहरू सहित स्थानीय सरकारहरूको ब्यबस्थापन गर्ने अधिकार, शक्ति र कार्य प्रदान गऱ्यो, "गाऊँगाऊँमा सिंहदरबार" भने लोकप्रिय नाराका माध्यमबाट केन्द्रीकृत र एकात्मक मनस्थितिलाई विकेन्द्रीकरणमा परिवर्तन गऱ्यो । तथापि, संघीयताको अभ्यासलाई गाउँगाउँ सम्म पुर्याउन स्थानीय तहहरूको क्षमतामा अभिबृद्धि गर्न पहिलो अवश्यकता थियो, यसैलाई मध्यनजर गरी सरकारले स्थानीय सरकारको क्षमता विकास सुरु गर्ने रणनीति तयार पार्यो ।

नेपालको संविधान २०७२ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरूको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वका स्रोतहरू समेत प्रदान गरेको छ । यस्ता अधिकारहरू उपलब्ध भए पनि स्थानीय सरकारहरूको कार्यक्षमता मध्यम र कमजोर देखिन्छ । विशेष गरी सेवा पुऱ्याउने, योजना बनाउने, अनुगमन गर्ने र शासन प्रणालीको काम गर्ने सम्बन्धी नीतिगत उल्लेखनीय छन् । गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई जनउत्तरदायी , सहज र प्रभावकारी बनाउनमा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिहरुको ठुलो भूमिका रहेको  हुन्छ । यसकालागि हरेक स्थानीय तहहरूले आफ्नो कार्यसम्पादनको  अवस्थाको पहिचान गर्न जरूरी हुन्छ । स्थानीय सरकार स्वायत्त भएकोले आफ्नो अवस्थाको मूल्याँकन आफ्नै नेतृत्वमा गर्न सक्छन् । तथापि, सबै स्थानीय तहहरूको क्षमता समान नहुनु र एकरूपता समेत कायम गर्नु पर्ने हुंदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारको संस्थागत स्वमूल्यांकन पद्धतिको विकास गरेको हो ।

### १.२ स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको सान्दर्भीकता

संस्थागत स्वमूल्यांकनले स्थानीय सरकारको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरुको विकासक्रम के कस्तो अवस्थामा रहेको छ भन्ने जानकारी दिनुका  साथै संवैधानिक जिम्मेवारी अन्तर्गतका महत्वपूर्ण विषयहरुलाई समयमानै सम्बोधन गर्न सकिने गरी स्थानीय सरकारलाई सबल बनाउन अति आवश्यक रहेको छ । स्थानीय सरकारले आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढंगबाट पुरा गर्न सक्षम छ भन्ने सुनिश्चित गर्नका  लागि  स्थानीय सरकारको सबल पक्ष र कमजोर पक्ष अर्थात सुधार गर्नुपर्ने पक्षहरुको नियमित रुपमा विश्लेषण गर्नुपर्दछ । यस पद्धतिले स्थानीय सरकारको संस्थागत क्षेत्रमा रहेका सबल पक्ष र कमजोर पक्ष अर्थात सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गर्न मद्धत पुर्याउँछ । स्थानीय सरकारको कार्यक्षमता र सेवा प्रवाहका विषयहरु अति नै महत्वपूर्ण छन् । स्वमूल्यांकन पद्धतिले सम्बन्धित स्थानीय सरकारको चुनौती र अवसरहरु पहिचान गरी कार्यक्षमता अभिवृद्धि गर्न मद्धत पुर्याउँछ ।

यस अध्ययनले, लीसालाई संस्थागत स्वमूल्यांकनका लागि प्रमुख उपकरणको रूपमा लिएकोछ, जसले स्थानीय सरकारको क्षमता अभिवृद्धिका लागि रणनीतिक कार्ययोजना तयार गर्नका लागि खाली ठाउँहरूको पहिचान गर्दछ । LISA उपकरणले दस विषयगत क्षेत्रहरू समावेश गरकोछ । जसअनुसार: शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन,  वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन् , सहकार्य र समन्वय रहेकाछन् भने ज्१० वटा विषयगत क्षेत्रहरूका १०० वटा सूचकहरू रहेकाछन ।

### १.३  स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको उद्देश्य

- स्थानीय सरकारले संविधान र प्रचिलत कानुनहरूबाट प्राप्त अधिकार अनुरूप उत्तरदायीपूर्ण ढङ्गवाट कार्य सम्पादनका लागि आफ्ना सवल एवं कमजोर पक्षको पहिचान गर्ने ।
- स्थानीय सरकारको वित्तिय साधनहरूको उपयोग मितब्ययी एवं दक्षतापूर्ण रूपमा गर्न रणनीतिगत कायर्योजना तयार गरी कार्यान्वयन गर्ने ।
- संस्थागत विकासका लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गर्ने ।
- स्थानीय सरकारले गरेका राम्रा अभ्यास, प्रयास, सिकाई र उपलब्धिहरूलाई उजागर गर्दै प्रतिष्पर्धि स्थानीय सरकारको स्थापनामा सघाउ पुर्याउने ।

### १.४ स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको कार्यक्षेत्र

स्थानीय सरकारहरूको शासन प्रणालीको सुदृढीकरण र स्थानीय सरकारको सेवा प्रवाहको दक्षता सुधार गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ जारी गरेको छ । यसले  स्थानीय सरकारलाई समग्र रूपमा आफ्नो  कार्य जिम्मेवारी बुझ्न र उनीहरूको आफ्नै कार्यसम्पादनमा थप प्रभावकारिता ल्याउन तथा क्षमता फरक वा कमजोर रहेको अवस्थामा क्षमता अभिबृद्धिका कार्यक्रमहरूको कार्यान्वयन आफ्नै प्रयासमा गर्नका साथै संघीय र प्रदेश सरकारलाई समेत स्थानीय तहहरूको यस प्रयासमा नजिक ल्याउन सहयोग पुर्याउंछ । यसका अलावा, स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको माध्यमबाट स्थानीय सरकारको अवसर तथा चूनौतिहरूको पहिचान गर्न सहयोग पुग्दछ । यसबाट स्थानीय सरकारहरूमा व्यवस्थित रूपमा क्षमता विकास सम्बन्धी योजना बनाउने  र कमजोर क्षमता भएका खाली ठाउँहरू पहिचान गरी सोको सम्बोधन गर्ने, विकास परियोजनाहरुको प्रभावकारीरूपमा  कार्यान्वयन गर्ने,  सेवाहरुमा नागरिकको पहुंचमा बृद्धि गर्ने र यसका लागि आवश्यक स्रोतको ब्यबस्था

समेत गर्ने रणनीतिको तर्जुमा गर्ने परिपाटीको बिकास हुनेछ ।

अत: यसै तथ्यलाई मधयनजर गरी यस प्रतिवेदनमा गोरखा जिल्लाको चुमनुव्री गाउँपालिकाको संस्थागत स्वमूल्यांकनको नतिजा समावेश गरिएको छ । यस प्रतिवेदनमा तयार पारिएका सूचनाहरू, छलफल गरिएका बिषयहरू, र निष्कर्श र निचोडहरू गाउँपालिकाका जिम्मेवार प्रतिनिधिहरूसंग गरिएका छलफल तथा अन्तरक्रियाबाट आएका बिश्लेषण र परिणामहरूका आधारमा प्रश्तुत गरिएको छ ।

**१.५ स्थानीय सरकार संस्थागत स्वमूल्यांकनका सिमाहरू**

यस संस्थागत स्वमूल्यांकन गतिबिधि संचालन गर्दा गाउँपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरु र अन्य सम्बद्ध सरोकारवालाहरू संगको अन्तरक्रियात्मक कार्यशाला, प्रमुख सूचना प्रदायकहरु सङ्ग अन्तर्वाता, सकअचु विश्लेषण र अभिमुखीकरणका विधिहरू अपनाई तथ्याङ्कहरूको संकलन तथा विश्लेषण गरिएको थियो । प्राप्त गरिएका र बिश्लेषण गरिएका सवै सुचनाहरूको संकलन तथा बिश्लेषण सहभागितामूलक विधि मार्फत गरिएको थियो । यसरी सुचनाहरूको संकलन तथा बिश्लेषणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७५ बमेजिम गरिएको थियो ।

# भाग—२: स्थानीय सरकार संस्थागत स्वमूल्यांकनका विधिहरू

## २.१ संस्थागत स्वमूल्यांकनका विधिहरू

स्थानीय सरकार संस्थागत स्वमूल्यांकन बिधिका लागि प्रथमिक स्रोतका तथ्याङ्कहरूको प्रयोग गरिएकोछ। यसका लागि, गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, र सेवाग्राहीरूसंग समेत अन्तरक्रिया, शाखागत रूपपा र प्रमुख सूचना प्रदायकहरु सङ्ग अन्तर्वाता, सकअचु विश्लेषण र अभिमुखीकरणका विधिहरू अपनाई तथ्याङ्कहरूको संकलन तथा विश्लेषण गरिएको थियो । यसरी संकलन तथा बिश्लेषण गरिएको सुचनालाई गाउँपालिकासग रुजु गराई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको online मा प्रबिष्ठ गरी तथायाङ्कको आधिकारिकता समेत कायम गरियो। सहजिकरण र तथ्याङ्क संकलनका लागि मिति २०७८ बैशाख ६ गते देखि ९ गते सम्म गाउँपालिकाका लिसा फोकल पर्सनको संयोजकत्वमा ३ सदस्यीय समिति बनाइ चुमनुब्री गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सदस्य हरूलगायत, गाउँपालिका अन्तरगतका शाखाप्रमुखहरू, स्टाफ र उपलब्ध सबै सरोकारवालाहरूको समुहिक उपस्थितिमा सहभागितात्मक तवरले बिश्लेषण एंब स्वमुल्यांकन गरिएको थियो।

स्थानीय सरकार संस्थागत स्वमूल्यांकन गर्नका लागि ३ दिनसम्म बिभिन्न गतिबिधिहरू सन्चालन गरिएको थियो। जस अनुसार परिचयात्मक कार्यक्रम र प्राबिधिक टोलीको कामका बारेमा जानकारी, स्थानीय सरकार संस्थागत स्वमूल्यांकनको महत्व, आबश्यकता, उद्वेश्य र, बिधिका बारेमा बिस्तृत छलफल र लिसा सफ्टवेअरमा पहूंचका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र पि एल जि एस पि कार्यक्रममा Users ID का लागि औपचारिक अनुरोध, लिसा सुचकका आधारमा आफ्नो गाउँपालिकाले सहभागितातमक रूपमा स्वमूल्याकंन गर्ने , लिसा सूचकका आधारमा आफनो संस्थाको अवस्था (दसी प्रमाण सहित ) अनलाईन प्रबिष्ठ गर्ने, सकअचु बिश्लेषण जसमा गाउँपालिकाको सबल पक्ष, कमजोर पक्ष र चुनौतिहरुको विश्लेषण गरी गाउँपालिकाको समग्र विकासका लागि प्रमुख अवसरहरुको क्षेत्र तथा प्राप्त हुन सक्ने प्रतिफलहरुको बारेमा छलफल गरियो। यसरी स्वमूल्यांकन अबधिमा पत्ता लागेका खालि ठाँउहरू पुरा गर्नकोलागि रणनीतिक कार्ययोजना तयार गरी, कार्यान्वयनका लागि अनुमानित बजेट, कार्यान्वयन वर्ष जिम्मेवारी, अनुगमनकर्ता, र संभावित स्रोत सहितको प्रमुख क्रियाकलापहरुको तर्जुमा गर्ने काम सम्पन्न गरियो। यस अबधिमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू लगायत, शाखाप्रमुखहरू, र उपलब्ध अन्य कर्मचारीहरुको उपस्थिति थियो।

## २.२ अध्ययन क्षेत्र

गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको उत्तरी भेगमा अवस्थित चुम्नुब्री गाउँपालिका साविकका ७ वटा गाउँ विकास समितिहरू (समागाउँ, ल्हो, प्रोक, विही, छेकम्पार, चुम्चेत र सिर्दिबास) मिलाएर निर्माण भएको हो । गोरखा जिल्लाको मुख्य नदी बुढीगण्डकीको पश्चिमी भागमा तथा जिल्लाको उत्तर पूर्व अवस्थित सिर्दिबासको फिलिम यस गाउँपालिकाको केन्द्र रहेको छ ।

कुल क्षेत्रफल १६४८.५ वर्ग कि.मि. रहेको यो गाउँपालिका समुद्री सतहबाट १२३९ मिटरदेखि ८१६३ मिटरसम्म फैलिएको छ । नेपालका उच्च हिमशृंखलामध्येको आठौं उच्च शिखर मनास्लु हिमाल (उचाइ

८१६३ मिटर) यसै गाउँपालिकामा अवस्थित छ । हिमचुली (७८९३ मिटर) र सृङ्गी (७१८७ मिटर) जस्ता उच्च हिमाल लगायत अन्य हिमशृङ्खला यसै गापामा पर्दछन् । यस गाउँपालिकाको समग्र भाग मनास्लु संरक्षण क्षेत्रमा पर्दछ । यो गाउँपालिका लार्के (५२०५ मिटर) र ग्या (५३७५ मिटर) जस्ता उच्च पास (ला) हरुका साथै काल ताल र वीरेन्द्र तालहरु जस्ता विभिन्न ताल तलैयाहरु रहेका छन् । विशिष्ट साँस्कृतिक, ऐतिहासिक गुम्बाहरु र असंख्य जडिबुटी, जैविक विविधताले यो गाउँपालिका भरिपूर्ण रहेको छ । बुढीगण्डकी जलाधार, चुम्नुब्री लार्के पास हुँदै मनाङ, मुस्ताङ जाने मुख्य पदमार्ग, मनोरम हिमशृङ्खला र अलौकिक संस्कृतिसहितको विशिष्ट भूपरिवेशले गर्दा यस गाउँपिलकाले पर्यटक आकर्षणको ठूलो सम्भावना बोकेको छ ।

यस गाउँपालिकामा विभिन्न जातिहरुको बसोबास रहेको देखिन्छ । यहाँ प्रमुख रुपमा लामानुब्रीपा ४१ प्रतिशत, गुरुङ ३२, लामा चुम्बा २४ प्रतिशत बसोबास गर्ने देखिन्छ । यसबाहेक घले (१.५%), विश्वकर्मा (०.६%), थकाली (०.३%) र क्षेत्री ठकुरी (०.६%) रहेका छन् । मातृभाषाको आधारमा करिव ३३.३८ प्रतिशतले गुरुङ भाषा, यसैगरी मात्रभाषाको रुपमा नुब्रीलार्के २७.६ चुम्बा २४.२५ प्रतिशत र कुथाङ १३.१ र अन्य बिभिन्न भाषाहरु वोल्नेको संख्या १.६७ प्रतिशत रहेको छ ।

## २.३ कार्यभारको कार्यान्वयन एवं सहमति निर्माण

स्थानीय सरकारको संस्थागत स्वमूल्यांकनका लागि सबै शाखा तथा विषयगत समितिहरूसँग समन्वय गर्नका लागि चुमनुव्री गाउँपालिकाका प्रशासन प्रमुख बलराम पाठकलाइ चुमनुव्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिमसेन श्रेष्ठले सम्पर्क व्यक्तीका रूपमा तोक्नु भएको थियो। बलराम पाठकको नेतृत्वमा गाउँपालिकाका शाखा प्रमुखहरू र पुर्णिमा कार्यक्रमका योजना सल्लाहकार सहितको एक टोली बनाइ विषयगत क्षेत्रहरू, सूचकहरू, मूल्याङ्कनको प्रक्रिया र अपेक्षित परिणामकाबारेमा साझा सहमति तय गरिएको थियो। साथसाथै, संस्थागत स्वमूल्यांकनको परिणामलाई LISA सफ्टवेयरमा अनलाइन प्रबिष्ठ गर्नकालागि MoFAGA / PLGSP सँग पूर्वस्वीकृत लिने काम गरियो। चुमनुव्री गाउँपालिकामा यस कार्यको संचालनकालागि संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको अनलाइन पद्धतिमा आवश्यक कागजात प्रविष्ट गर्न प्रयोगकर्ताको परिचयपत्र र पासवर्डको लागि गाउँपालिकाले मन्त्रालयसंग औपचारिक रूपमा अनुरोध गरी सोही अनुरूप स्वीकृति प्राप्त गरी काम अगाडी बढाईयो।

## **२.४ तथ्यांक संकलन**

तथ्याङ्क संकलनकालागि चुमनुव्री गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सद्श्यहरू लगायत, गाउँपालिका अन्तरगतका शाखाप्रमुखहरू उपलब्ध सबै सरोकारवालाहरूको सामुहिक उपस्थितिमा तथ्याङ्कको संकलन तथा सहभागितात्मक तवरले बिश्लेषण तथा स्वमुल्यांकन गरिएको थियो।

स्थानीय सरकारको संस्थागत स्वमूल्यांकन प्रक्रियाको थालनीमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू लगायत, गाउँपालिका अन्तरगतका शाखा प्रमुखहरू, र उपलब्ध सबै सरोकारवालाहरू बीच स्थानीय सरकारको संस्थागत स्वमूल्यांकनको महत्व, तथ्याङ्कको

सामुहिक संकलन तथा सहभागितात्मक बिश्लेषण बिधि, गाउँपालिकाको जिम्मेवारी आदिको बारेमा समेत छलफल गरि कार्यक्रमको सुरूवात गरिएको थियो।

### २.५ तथ्यांक विश्लेषण तथा नतिजा प्रस्तुती

सामुहिक रूपमा तथ्याङ्कको संकलन तथा सहभागितात्मक तवरले गरिएको तथ्याङ्कको स्वमुल्यांकन तथा बिश्लेषणवाट आएको परिणामलाई टेवलमा प्रस्तुत गरिएको छ।

### २.६ अनुशरण (फ्लोअप)

संस्थागत स्वमूल्यांकनको प्रक्रिया पूरा भएपछि पहिचान गरिएका गतिविधिहरू, जो कार्यान्वयनमा आएका छैनन, कुनै कार्यान्वयनमा आएपनि अतिनै कमजोर अबस्थामा रहेकाछन, यस्ता गतिबिधिहरू संचालन गर्न र गाउँपालिकाको क्षमता अभबृद्धिका लागि १ बर्षे रणनीतिक योजनाको तर्जुमा गरिएको थियो। यसमा गतिविधिहरू संचालनका लागि आबश्यक बजेट, कार्यान्वयनको जिम्मेवारी, समयसिमा, र अनुगमन संयन्त्रको उल्लेख गरिएको छ। कार्ययोजनाको कार्यान्वयन स्थितिको अनुगमनको बारेमा गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू लगायत, गाउँपालिका अन्तरगतका शाखा प्रमुखहरू, अन्य कर्मचारीहरुसँग एक समझदारी भएको थियो।

## भाग - ३: स्थानीय सरकारको संस्थागत स्वमूल्याङ्कनको प्रतिफल तथा निचोड

### ३. लेखाजोखाको भूमिका

स्थानीय सरकार संस्थागत स्व मूल्याङ्कनका लागि शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय गरी १० वटा विषयगत क्षेत्रमा समग्र, प्रक्रियागत र परिमाणात्मक अवस्थाको स्वमूल्यांकन गरी अंकभार प्रदान गरिएको छ।

### ३.१ परामर्श बैठकका उपलब्धीहरु

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, अन्तर–सरकारी वित्त व्यिस्थापन ऐन, २०७४ र गाउँपालिकाले आंफै तयार पारेका स्थानीय कानुनहरूले स्थानीय तहलाई आ–आफ्नो क्षेत्रमा सेवा प्रवाह गर्न, योजना तर्जुमा गर्न, अनुगमन गर्न, र समग्र विकासको नेतृत्व गर्न र कार्यान्वयनको जिम्मेवारी लिन जिम्मेवारी प्रदान गरेको छ। सो अनुसार गाउँपालिकाले गरेका गतिबिधिहरू र अपनाएको प्रक्रियाका वारेमा स्व मूल्याङ्कनका अबधिमा ५ वटा भिन्नाभिन्नै समुहहरू बनाई सबै समुहहरूसंग बेगलाबेग्लै छलफल गरिएको थियो। छलफलमा प्रायः जिम्मेवारी र अपनाएको प्रक्रियाका वारेमा केन्द्रीत भई छलफल गरिएको थियो। छलफलका नतिजाहरू तल दिईएकोछ।

**तालिका नं १: परामर्श वैठकका नतिजाहरु**

| सहभागीहरू | छलफलका निचोडरू |
|---|---|
| • अध्यक्ष, उपअध्यक्ष, र | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको O&M संरचना अनुसार दबन्दी हरू तयार पारी काम गरिएकोछ। तर जनप्रतिनिधि तथा कर्मचारीहरूको काम विवरण तयार गर्न अझै बाँकी छ। |

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | • सार्वजनिक खरीद नियमावली सहित ४३ वटा कानूनहरू तयार गरी राजपत्रमा समेत प्रकाशन गरिएको छ । <br>• ऐन, नियम, नीति, कार्यबिधि र निर्देशिकाहरू अपडेट गरी राम्रोसँग कार्यान्वयन गर्न आवश्यक छ। <br>• वार्षिक योजना र बजेट समयरेखा भित्र तयार गरिन्छ र अनुमोदित हुन्छन्; यद्यपि, ७ - चरण योजना चक्र र समयरेखा पालन गर्न सकिएको छैन । <br>• कानुनले ब्यबस्था गरेका समिति तथा विषयगत समितिहरूको गठन भएकोछ र यी समितीहरूले आंशिक रूपमा कार्य गरेका छन् । <br>• केही कर्मचारीहरू लोकसेवा मार्फत पदपुर्ती त भएका छन । यद्यपि आवश्यक कर्मचारीहरू उपलब्ध छैनन् । <br>• सबै शाखा र एकाइहरू (Sections and Units) संचालनमा रहेका छन, यद्यपि यी शाखाहरूमा पर्याप्त कर्मचारीहरू उपलब्ध छैनन् । एक कर्मचारीले दुई भन्दा बढी एकाई र सेक्सन कार्य गर्ने गरी जिम्मेवारी दिईएकोछ । <br>• गाउँपालिकाको आन्तरिक राजस्व ज्यादैनै कम रहेकोछ । आन्तरिक स्रोतहरू बृद्धि गर्ने प्रयासको थालनी यथाशिघ्र गर्न जरूरी छ । <br>• न्यायिक समितिले राम्रोसँग काम गरिरहेको छ, यद्यपि सामुदायिक मेलमिलाप केन्द्रहरू स्थापना भएको अवस्था छैन भने सामुदायिक मेलमिलापकर्ताहरूलाइ क्षमता विकास सम्बन्धी प्याकेज र आधारभूत तथा पुनर्ताजगी प्रशिक्षण आवश्यक रहेको छ । <br>• गाउँपालिकाको धेरैजसो स्रोत भौतिक पूर्वाधारको लागि छुट्याइएको छ। क्षमता विकास तथा जेसीमा ध्यान पुग्न नसकेको अवस्था छ । <br>• गाउँपालिकाको क्षमता बिकास योजना तर्जुमा गर्न नितान्त जरूरी छ । यसकै आधारमा निर्बाचित जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता बिकास सम्बन्धी कृयाकलापहरू अगाडी बढाउन आबश्यक देखिन्छ । |
| • कार्यपालिका बोर्डका समावेशी सदस्य हरू (महिला, दलित तथा जनजाती) | • गाउँपालिकामा विभिन्न समितिमा सदस्यको रूपमा काम गर्ने जिम्मेवारी प्रदान गरेको छ । <br>• कार्यकारी बोर्ड बैठकमा नियमित रूपमा भाग लिएतापनि, उनीहरूले एजेन्डामा तर्क राख्ने क्षमताको विकास अझै भैसकेको छैन । <br>• वडाअध्यक्ष र सदस्यहरू संगै सम्बन्धित वडामा वडास्तरिय परियोजनाहरू, विद्यालय, र स्वास्थ्य चौकीहरूको अनुगमनमा संलग्न छन् । <br>• समावेशी समुहका कार्यपालिका सदस्यहरू आफ्नो कार्य जिम्मेवारी बारेमा पूर्ण रूपले जानकार छैनन् । <br>• बिषयगत समितिहरू व्यवस्थित गर्न आबश्यक छ र समितिहरूको नेतृत्वमा समावेशी समुहका कार्यपालिका सदस्य हरूलाई ल्याउन जरूरी छ । <br>• कार्यपालिका सदस्यहरूलाई बिशेषगरी वडा गाउँपालिकाको प्रवक्ता, विषयगत समितिका सभापति जस्ता ठूला जिम्मेवारीहरू दिइएको छैन । <br>• कार्यपालिका बोर्डमा वडा अध्यक्ष र कार्यपालिका सदस्यहरूको समान हैसियत भएतापनि अधिकारको प्रयोग गर्ने र अवसरहरूको उपयोग गर्ने सन्दर्भमा बिभेदहरू रहेकाछन् । <br>• बजेट तर्जुमा र योजना छनौट प्रक्रियामा कार्यपालिका सदस्य हरू समावेश हुने गरेको । <br>• गाउँपालिकाले बैठकका बारेमा पूर्ब निर्धारित रूपमा एजेण्डाहरू दिने नगरेको । यसो हुंदा मिटीङका छलफलहरूमा सकृय सहभागिता जनाऊन कठिनाई भएको । |
| • वडा अध्यक्षहरू | • वडा अध्यक्षहरूलाई गाउँपालिकामा नीति निर्माण र वडा स्तरमा नागरिकलाई सेवा प्रदान र विकासका कामहरू संगसंगै गर्नुपर्ने हुंदा प्रशस्त चुनौतीहरूको सामना गर्नु परेकोछ । |

| | |
|---|---|
| | • वडा स्तरिय योजनाहरूमा गुणस्तरियता कायम गर्न चुनौति रहेको, गाउँपालिकाको भोगोलिक विकटताका कारण समयमै परियोजना संचालन र सम्पन्न गर्न चुनौति रहेको ।<br>• नागरिक र वडा अध्यक्षहरू बीचमा प्रत्यक्ष भेटघाट तथा सम्बन्ध हुने गर्दा नागरिकहरूको चासोका बिषयहरूमा बढी जानकारी हुने गरेको ।<br>• पर्याप्त कागजात बिना सिफारिसहरूको लागि दबाव ।<br>• परियोजनाहरूको अनुगमनमा प्राविधिक कर्मचारीहरूको न्यून अनुगमन रहेको या अनुगमन औपचारिकताका लागि मात्र अनुगमन गर्ने गरेको ।<br>• कर्मचारी र निर्वाचित प्रतिनिधिहरु बीच राम्रो समन्वय रहेको ।<br>• योजनाहरूको कार्यान्वयन गर्ने क्रममा प्रदेश सरकार, गाउँपालिका आदि दुबैले वडा कार्यालयहरूलाई बाइपास पनि गर्ने गर्दछन । |
| • शाखा प्रमुखहरू | • सवै शाखाहरूबाट सेवा प्रवाह प्रभावकारी रूपमा चलेको पाईयो ।<br>• बिगतका जटिलताहरू हाल बिस्तारै समाधान हुंदै गएकाछन । जनप्रतिनिधि तथा कर्मचारी सवैमा आफ्नो जिम्मेवारी प्रति प्रतिबद्ध भएको पाईयो ।<br>• कर्मचारी बिशेषगरी प्राबिधिक तर्फलाई क्षमता विकास सम्बन्धी तालिम दिनुपर्ने आवश्यकता देखिन्छ ।<br>• बजेट, योजना तथा कार्यक्रम जनताको मागमा आधारित हुने भएकाले कार्यान्वनपनि समयमै हुने गर्दछ ।<br>• सवै शाखा, शाखा प्रमुख, तथा अन्य कर्मचारीहरू बीचमा पर्याप्त समन्वय रहेकोछ ।<br>• केहि कर्मचारीहरू गाउँपालिका स्वयं र विकास साझेरदारहरूबाट समेत प्राप्त क्षमता विकास सम्वन्धी तालिम कार्यक्रममा सहभागी भईरहेकाछन ।<br>• विषयगत शाखाहरूका लागि प्राप्त सशर्त बजेट बाहेकका अन्य कार्यक्रममा सहभागी गराउने नगरेको । यसले गर्दा विषयगत शाखाका कर्मचारीहरूमा आन्तरिकिकरणको समस्या देखिन्छ ।<br>• गाउँपालिकाको मूख्य प्राथमिकिकरणमा कृषि, पर्यटन, पशुपालन, तथा सामजिक सेवाहरू रहेका छन । जसको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीहरूको क्षमता बिकास गर्नु जरूरी छ । |
| • नागरिक समाज | • यस गाउँपालिका भित्र उपभोक्ता समिति, महिला विकास समूह, महिला नेटवर्क, सीबीओ र समुदायका नेताहरू समेत नागरिक समाजको रूपमा रहेको पाईयो ।<br>• यस्ता नागरिक समाजका संस्थाहरूलाई गाउँपालिकाले बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा का सिलसिलामा, बस्तिस्तरमा मात्र आबद्ध गर्ने गरेको पाईयो ।<br>• योजना कार्यान्वयनका सिलसिलामा उपभोक्ता समिति, अनुगमन आदिमा समेत आबद्ध गर्ने गरेको पाईयो ।<br>• नागरिक समाजसंग सम्बद्ध महिला, दलित, तथा लोपोन्मुख जातिहरू र सामाजिक समावेसीकरणका लागि भनेर बजेट तथा कार्यक्रमहरूमा प्राथमिकिकरण गरेको पाईएन । |

### ३.२ सबल पक्ष, सुधारगर्नुपर्ने क्षेत्र, अवसर र चुनौतिको विश्लेषण

सहभागितातमक पद्धति मार्फत बिश्लेषण गरिएको सकअचु (SWOT) विश्लेषणलाई संस्थागत स्व मूल्याङ्कनका लागि १० वटा बिषयगत क्षेत्र शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन, सहकार्य र समन्वयमा आधारित भई जनप्रतिनिधि र कर्मचारीले कार्य सम्पादनको सिलसिलामा अनुभव गरेका गाउँपालिकाका सवल पक्ष, कमजोर अर्थात सुधार गर्नु पर्ने पक्ष , अवशर र चूनौति (सकअचू) को विश्लेषणको गरिएको थियो । विश्लेषणको परिणाम हेर्दा मूख्य

समस्याहरू सक्रमणकालिन रहेका र अधिकार र जिम्मेवारीको ज्ञानमा कमी सँग सम्बन्धीत रहेकाछन । साथै गाउँपालिकाहरू सम्बन्धित ऐन, कार्यविधि तथा नियमावलीहरू निर्माणमा ज्ञानको कमी रहेकोछ । तथापि, निर्वाचित जनप्रतिनिधिहरूको उत्साह तथा प्रतिवद्धता रहेकाले चूनौतीहरुको सामना हुने कुरामा विश्वास सहित सहयोगीहरू बाट सहयोगको अपेक्षा गरिएको थियो । सहभागीहरूले छलफलका क्रममा वास्तविक लक्षित वर्गको पहिचान मूख्य चासोको विषय रहेको कुरा व्यक्त गरे र लक्षित वर्गको सामाजिक र आर्थिक रुपान्तरणका लागि भौतिक पूर्वाधारको अवस्थामा सुधार तथा आय-आर्जनका कृयाकलापहरूको आवश्यक्ता रहेको कुरामा जोड दिएका थिए ।  सकअचू बिश्लेषणको परिणाम तलको तालिकामा प्रश्तुत गरिएकोछ ।

## तालिका नं २: सकअचु (SWOT) विश्लेषणको नतिजा

| बिषय क्षेत्र | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| **शासकिय प्रबन्ध** | - सभाको निर्णय सम्बन्धमा बैठक बस्नु अघि सभाका सदस्यहरूलाई जानकारी दिने गरेको ।<br>- कार्यपालिकाको नियमित बैठक बस्ने गरेको खुल्ला रूपमा छलफल भइ सर्व सम्मत रूपमा निर्णय हुने गरेको।<br>- गाउँपालिकामा निर्माण भएका कानूनहरू स्थानीय राजपत्रमा प्रकाशित गरेको ।<br>-विषयगत समितिहरूको नियमित बैठक बस्ने गरेको<br>-कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप संचालन हुने गरेको ।<br>-जन प्रतिनिधिहरुको, कर्मचारीहरुको सम्पति बिबरण समयमै अध्याबधिक गर्ने गरेको । | - सभाको निर्णय सम्बन्धमा बैठक बस्नु भन्दा ७ दिन अगावै सभाका सदस्यहरूलाई निर्णय गर्नुपर्ने विषयका बारेमा स्पषट रूपमा लिखित जानकारी दिन नसकेको<br>-सभा/कार्यपालिकाले गरेका निर्णयहरू वेबसाइट, सूचनापाटी र अन्य संचार माध्याम मार्फत नियमित सार्वजनि नगरिएको ।<br>- गाउँपालिकाको अन्तरिक नियन्त्रण प्रणाली तयार नभएको ।<br>- महिनामा कम्तीमा एक पटक बैठक बसी पुर्व निर्णयहरूको कार्यान्वयन अवस्था बारेमा समिक्षा गर्ने नगरेको ।<br>- कार्यपालिकामा रहेका समिति उपसमितिहरुको संचालन सम्बन्धी कार्यबिधि निर्माण गर्न नसकेको<br>- गा.पा. बाट निर्माण भएका कार्यबिधि , ऐन, नियम कानुनहरुको पूर्णरुपमा पालना नभएको | हरेक बिषय बस्तु माथि छलफल हुने<br>ऐन नियम र कानुन बनाउने अबसर रहेको । | कार्यपालिका तथा गाउँ सभामा बैठकमा सहभागिहरु उपस्थिति गराई भाग लिन लगाउन नसक्नु । |
| **संगठन तथा प्रशासन** | - सङ्घ र प्रदेशलाइ पठाउनु पर्ने विवरण र प्रतिवेदनहरू पठाउने गरेको<br>- कर्मचारी पुरस्कार कोषको ब्यबस्थापन<br>- प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति राम्रो रहेको<br>-करार सेवामा प्राविधिक कर्मचारी पदपुर्ति गर्ने गरेको<br>- गाउँपालिकाको अवधिक विकास योजना, खानेपानी, स्वच्छता तथा सरसफाइ गुरूयोजना बनाइ कार्यान्वय गरीरहेको | - संरचना तथा जनशक्तिको कार्यविवरण तयार नभएको<br>- कर्मचारीहरूको कार्य सम्पादन सम्झैता नभएको<br>-जन प्रतिनिधिहरुको, कर्मचारीहरुको क्षमता बिकास गर्न तालिम संचालन नहुनु ।<br>- कर्मचारीहरूलाई अनुशासित र जिम्मेवार बनाउन नसक्नु । | -जनप्रतिनिधिहरुको, कर्मचारीहरू बीच समन्वय<br>-कर्मचारीहरूलाई प्रोत्साहन भत्ता प्रदान गरि सेवाप्रबाह प्रभाबकारी बनाउने । | -कर्मचारीहरुको स्थाईत्व गर्न नसक्नु<br>-स्पष्ट नीतिगत ब्यबस्था नहुनु । |

| बिषय क्षेत्र | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
| --- | --- | --- | --- | --- |
| **बार्षिक बजेट तथा योजना ब्यबस्थापन** | - गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा गर्ने गरेको ।<br>- असार मसान्तभित्र सभाबाट बजेट पारित गर्ने गरेको ।<br>-टुक्रे योजनाहरूलाइ निरूत्साहित गरिएको ।<br>-बजेट तथा योजना निर्माणमा सरोकारवालाको सहभागितामा पेश गरी पारित हुने ।<br>-योजना अनुगमनको लागि समिति निर्माण भएको । | -बार्षिक बजेट तथा योजना निर्माणमा पर्याप्त समय दिन नसकेको ।<br>- समयमै योजना अनुगमन हुन नसकेको ।<br>- दिगो विकासका लक्ष्यहरूको स्थानीयकरणका लागि स्पषट योजना तथा कार्ययोजना तर्जुमा नहुनु ।<br>- विषय क्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण नभएको ।<br>- असार १० गते भित्र बजेट पेश हुन नसकेको ।<br>- गै.स.स.का कार्यक्रमहरू गाउँपालिकाको वार्षिक योजना कार्यक्रममा समावेश गर्न नसक्नु ।<br>- राजश्व परिचालन न्यून भएको । | -योजना छनौटको लागि सम्बन्धित स्थानमा गई निरिक्षण अबलोकन गरी छनौट गर्ने अवसर सबैको पहुंचमा रहेको ।<br>-योजना कार्यान्वयन गर्न बजेट ब्यबस्था भएको । | बार्षिक बजेट तथा योजना तर्जुमा गर्दा संपुर्ण समुदायलाई समेट्ने गरी तर्जुमा गर्न<br>-अनुगमन गरे अनुरुपको राजस्व संकलन गर्न<br>-बजेट तथा योजना कार्यान्वयन गर्दा ऐन नियम |
| **वित्तिय एंब आर्थिक व्यबस्थापन** | - कुल खर्चको १% भन्दा कम बेरूजु रहेको<br>- सुत्र सफ्टवयरको पुर्ण रूपमा प्रयेग गरीएको<br>- अय व्यवको विवरण वेवसाइटमा सार्वजनि गरिएको ।<br>- वार्षिक समिक्षा गर्ने गरेको ।<br>- कानून र सभाले तोकेकोमा बाहेक रकमान्तर नगरिएको<br>- खर्च गर्ने अख्तियारी समयमा नै प्रदान गरिएको ।<br>- बिटौरी शुल्क संकलन<br>-गिट्टी बालुवा बाट राजस्व संकलन हुने गरेको | - खरिद योजना तयार नभएको<br>-खर्च प्रक्रियामा एकरुपता नभएको<br>-जग्गा दर्ता दस्तुर वास्तबिक नभएको<br>- पुँजीगत बजेटको खर्च कम हुनु ।<br>- लक्ष्य भन्दा कम राजश्व संकलन हुने गरेको । | -स्थानीय कृषि उपजलाई बजारिकरण गर्न सकिने<br>-पर्यटकिय स्थलहरुमार्फत राजस्व संकलन गर्न सकिने<br>औध्योगिकरण र ब्यबशायीकरण | -पर्ति जग्गाको कारण ब्यबसाय गर्न अफ्ठेरो |
| **सेवा प्रबाह** | - सबै वडा कार्यालयहरूबाट सेवा प्रवाह भएको र सबै वडा कार्यालहरूमा अडियो र प्रिन्ट नागरिक वडापत्र राखिएको ।<br>- बिंकग प्रणालीबाट मात्र भुक्तानी हुने गरेको ।<br>- शिक्षामा सबै बालबालिकाको पहुँच रहेको ।<br>- नियमित सेवा प्रबाह | -जनशक्ति अभाब<br>- सेवा केन्द्र मार्फत सम्पूर्ण सेवा दिन नसकेको<br>- गा.पा. स्तरमा सार्वजनिक सुनुवाई हुने नगरेको<br>- घुम्ती सेवा संचालन गर्न नसकिएको । | -संकलन केन्द्र , सेवा केन्द्र बिस्तार<br>-सामुहिक खेतिको संभावना , फलफुल खेति, ब्यबशायीकरण | -पर्ति जग्गाको कारण सेवा विस्तार गर्न चुनौति |

| बिषय क्षेत्र | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| **न्यायीक कार्य संपादन** | - न्यायिक समिति संचालनका लागि कानूनको व्यबस्था<br>- मेलमिलाप कर्ताहरूलाइ अधारभुत तालिमको व्यवस्था<br>- उजुरीहरू दर्ता गर्ने तथा किनारा लगाउने गरेको । | - सबै वडाहरूमा मेलमिलाप केन्द्र गठन नभएको<br>-प्रत्येक वडामा न्याय पुर्याउनको लागि मेलमिलापकर्ताको ब्यवस्थाहुन नसक्नु<br>-स्थानीय तहमा न्यायलयको बारेमा जानकारी नहुनु<br>-गाउँ प्रहरि ब्यबस्था नहुनु | - गाउँ प्रहरीको ब्यबस्था गर्न | -न्यायलय ब्यवस्थित नहुनु<br>- कानुनु रुपमा जनाशक्ति को अभाब |
| भौतिक पूवाधार | - स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजनाको ८० प्रतिशत भन्दा बढी भोतिक पुर्वाधारका योजना सम्पन्न भएको<br>-गा.पा. र वडा कार्यलाय छुट्टाछुट्टै ब्यबस्था भएको<br>-कार्यालयमा शाखागत व्यबस्था भएको | -यातायात गुरूयोजना तयार नभएको ।<br>- जोखिम संवेदनशिल भु उपयेग योजना नभएको ।<br>-भोतिक पुर्वाधार विकासमा सार्वजिन नीजी साझेदारीका लागि नीतिगत व्यवस्था नहुनु ।<br>- बालबालिका तथा अपाङ्ग मैत्री पुर्वाधार नीति नहुनु । | प्राक्रितिक स्रोतको उपलब्धता, (बालुवा, गिट्टि , काठ)<br>बाटो को बिस्तार भइ सहज आवागमन | - भोगोलिक विकटता<br>- जनताको बुझाइ |
| **सामाजिक समावेशी करण** | - लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि तयार भएको<br>- विषयगत समितिहरू तथा उपभोक्ता समितिहरूमा सामानुपातिक समावेशी सहभागीता रहेको ।<br>-सामाजिक कुरितिमा न्युनिकरण<br>-बजेट तथा कार्यक्रम ब्यवस्था भएको<br>-महिलाहरु नेतृत्व तहमा पुगेको | - सचेतनामुलक कार्यक्रमहरूको कमी<br>- सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति नभएको<br>- घरेलु हिसां अन्त्यका लागि बहस पैरवी तथा चेतनामुलक अभियानमा कमी<br>- बालश्रम, बालबिवाह, बहुविवाह बोक्सी जस्ता विषयहरूमा सचेतनामुलक कार्यहरूमा कमी<br>-अपाङ्ग प्रतिनिधि समितिमा समेट्न नसकिएको<br>-जनचेतना अभिबृद्धि नभएकोले सामाजिक कुरितिमा आफ्नै शेष रहेको , समावेशी संरचना नभएको | - प्रसस्त ठाउ समावेशीकरण **भ**एको | - सामाजिक संरचना भत्काउन |

| बिषय क्षेत्र | सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | - अर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित तथा सिमान्तकृत समुदायको सामाजिक र अर्थिक उत्थानका लागि नीतिगत व्यवस्था नभएको। | | |
| **वाताबरण संरक्षण तथा बिपद ब्यबस्थापान** | - विपद व्यवस्थापन एन तयार भएको<br>- बिपद ब्यबस्थापन कोष बनेको<br>- वार्षिक बजेट, कार्यक्रम तथा नीतिमा यस विषयलाइ समेटिएको | -विपद व्यवस्थापनका लागि योजना, रणनीति र कार्य योजना तयार नहुनु।<br>- वातावरणीय प्रदुषण नियन्त्रणका लागि कार्यक्रम संचालन नहुनु<br>- वातावरण मैत्री पुर्वाधार निर्माण सम्बन्धी नीतिगत व्यवस्था नहुनु।<br>- विपद जोखिम क्षेत्रको पहिचान र नक्शाङकन हुन नसक्नु।<br>-दक्ष जनशक्तिको अभाब<br>-फोहर ब्यबस्थापन नभएको | - स्वच्छ हावा , काठ दाउराको उपलब्धता | जलबायु पारिवर्तन रूढीबादि चिन्तनमा परिबर्तन गर्न ढिलाइ |
| **सहकार्य र समन्वय** | - गा.पा.ले प्रदेशलाइ बाँडफाँड गर्नुपर्ने राजश्व रकम नियमित रूपमा उपलब्ध गराएको | -सङ्घ र प्रदेश सँग हुनुपर्ने नीतिगत र कार्यगत समन्वय हुन नसकेको। | - कानून बमोजिमको नीतिगत र कार्यगत समन्वय र सहकार्य | तीनै तहका सरकारवीचमा नियमित समन्वय |

### ३.३ संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखा अंकभार (सारांस)

स्थानीय तहहरूको संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको १० वटा विषयगत क्षेत्र, र १०० वटा सुचकहरूलाई ३ वटा शिर्षक (समग्र, प्रकृयागत, र परिमाणात्मक) मा ब्यबस्थीत गरी तयार परिएको लेखाजोखा बिधिलाई चुमनुव्री गाउँपालिकामा कार्यान्वयन गरिएको थियो । संस्थागत क्षमताको लेखाजोखा सम्बन्धी कार्यशालामा गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वार्ड अध्यक्षहरू, कार्यपालिकाका सद्श्यहरू लगायत, गाउँपालिकाका कर्मचारीहरूको समुहिक उपस्थिति रहेको थियो । यसरी सवैको सहभागितामा बिश्लेषण गर्दा यस गाउँपालिकाको संस्थागत क्षमताको लेखाजोखाको प्राप्त अकंभार ३४ देखियो । जसअनुसार समग्र तर्फ १०.५, प्रकृयागत तर्फ ११ र परिमाणात्मक तर्फ १२.५ अकंभार प्रप्त गरेको देखिन्छ । तलको तालिकामा विषयगत क्षेत्र अनुसार गाउँपालिकाले प्राप्त गरेको अकंभार देखाईएको छ ।

**तालिका ३: संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाका ३ वटा शिर्षक (समग्र, प्रकृयागत, र परिमाणात्मक) हरूमा प्राप्त अकंभार**

| | | | | प्राप्ताङ्कमा | | |
|---|---|---|---|---|---|---|
| **क्र.स.** | **विषयगत क्षेत्र** | पूर्णाङ्क | प्राप्ताङ्क | **समग्र** | **प्रकृयागत** | **परिमाणात्मक** |
| १ | शासकीय प्रवन्ध | ९ | ६।५ | २ | ३ | १।५ |
| २ | संगठन तथा प्रशासन | ८ | ४ | १ | १।५ | १।५ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ३।५ | १।५ | १ | १ |
| ४ | वित्तिय तथा आर्थिक व्यवस्थापन | ११ | ७।५ | १।५ | २।५ | ३।५ |
| ५ | सेवा प्रवाह | १६ | ६।५ | २।५ | १ | ३ |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | १ | ०।५ | ०५ | ० |
| ७ | भौतिक पूर्वाधार | १३ | १ | ० | ० | १ |
| ८ | सामाजिक समावेशिकरण | १० | १।५ | १ | ०।५ | ० |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | २।५ | ०।५ | १ | १ |
| १० | सहकार्य र समन्वय | ६ | ० | ० | ० | ० |
| | **जम्मा**÷ पूर्णाङ्क | १०० | ३४ | १०।५ | ११ | १२।५ |
| | प्रतिशत | १०० | ३४ | ३०।८८ | ३२।३५ | ३६।७६ |

*स्रोत: चुमनुव्री गाउँपालिकासंगको सहभागितात्मक कार्यशाला गोष्ठी, २०७८*

**तालिका ४: संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाबाट प्राप्त संक्षिप्त अकंभार**

| विषयगत क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | फरक | फरक प्रतिशत | प्राप्ताङ्क प्रतिशतका आधारमा **समग्र नतिजा** |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शासकीय प्रवन्ध | **९** | ६.५ | ७२.२२ | २.५ | २७.७८ | *राम्रो* |
| संगठन तथा प्रशासन | **८** | ४ | ५०.०० | ४ | ५०.०० | *कमजोर* |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | **११** | ३.५ | ३१.८२ | ७.५ | ६८.१८ | *अति कमजोर* |
| वित्तिय तथा आर्थिक व्यवस्थापन | **११** | ७.५ | ६८.१८ | ३.५ | ३१.८२ | *राम्रो* |
| सेवा प्रवाह | **१६** | ६.५ | ४०.६३ | ९.५ | ५९.३८ | *कमजोर* |
| न्यायिक कार्यसम्पादन | **७** | १ | १४.२९ | ६ | ८५.७१ | *अति कमजोर* |
| भौतिक पूर्वाधार | **१३** | १ | ७.६९ | १२ | ९२.३१ | *अति कमजोर* |
| सामाजिक समावेशिकरण | **१०** | १.५ | १५.०० | ८.५ | ८५.०० | *अति कमजोर* |
| वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | **९** | २.५ | २७.७८ | ६.५ | ७२.२२ | *अति कमजोर* |
| सहकार्य र समन्वय | **६** | ० | ०.०० | ६ | १००.०० | *अति कमजोर* |
| **जम्मा** | १०० | ३४ | ३२.७६ | ६६ | ६७.२४ | ***अति कमजोर*** |

*नोट: स्वमूल्याङ्नको अंक गणना*

| **प्राप्ताङ्क** | **८० प्रतिशत भन्दा बढी** | **६० देखि ७९ प्रतिशत सम्म** | **४० देखि ५९ प्रतिशत सम्म** | **४० प्रतिशत भन्दा कम** |
|---|---|---|---|---|
| **समग्र नतिजा** | *उत्कृष्ट* | *राम्रो* | *कमजोर* | *अति कमजोर* |

*स्रोत: स्थानीय सरकारको संस्थागय स्वमूल्याङ्कन कार्यबिधि, २०७५*

गाउँपालिकाले गरेको अपेक्षित अबस्था र र प्राप्ताङ्क बीचमा फराकिलो भिन्नता (Gap) को अबस्थालाई हेर्दा ६७.२४% रहेको देखिन्छ । विषयगत क्षेत्रलाई हेर्दा सहकार्य र समन्वय (१००%), भौतिक पूर्वाधार (९२।३१%) र सामाजिक समावेशीकरण (८५%) का क्षेत्रहरूमा बढी फरक पाईएकोछ। यद्धपि अन्य क्षेत्रहरूमा समेत उल्लेखनिय रूपमा फराकिलो भिन्नता (Gap) रहेको छ। यस्तो फराकिलो भिन्नता (Gap) लाई घटाउनका लागि तालिका नं. ८ मा प्रस्तुत रणनैतिक कार्ययोजना तयार भएको थियो। जसलाई गाउँपालिकाले यथाशिघ्र कार्यान्वयन गर्ने जनाएको छ।

**चार्ट नं १ : संगठनात्मक तथा संस्थागत क्षमता लेखाजोखाको माकुरी जालो बिश्लेषण**


शासकीय प्रवन्ध
१६
१४
१२
१०
८
६
४
२
०
संगठन तथा प्रशासन
वार्षिक बजेट तथा योजना व्यवस्थापन
वित्तिय तथा आर्थिक व्यवस्थापन
सेवा प्रवाह
न्यायिक कार्यसम्पादन
भौतिक पूर्वाधार
सामाजिक समावेशिकरण
वातावरण संरक्षण तथा विपद व्यवस्थापन
सहकार्य र समन्वय
प्राप्ताङ्क
पूर्णाङ्क

## ३.४ संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाका बिषयगत आधारमा गरिएको बिश्लेषण

संस्थागत क्षमताको लेखाजोखा तथा विश्लेषणले संस्था भित्र सुशासन कायम गर्नमा मद्धत पुग्ने, सामाजिक जिम्मेवारीको बहन गर्न सक्ने, नीतिगत तथा कानुनी व्यवस्थाहरूको चुस्त दुरूस्त पालन गर्न सक्ने र संस्थाको आन्तरिक तथा बाह्य क्षमताको लेखाजोखा गर्न १० वटा विषयगत क्षेत्रहरूको संस्थागत क्षमताको लेखाजोखा गरिएकोछ। यसमा हरेक सुचकहरूका लागि बेग्लाबेग्लै अंक प्रदान गरी विशलेषण गरिएकोछ।

**तालिका ५: संगठनात्मक तथा संस्थागत क्षमताको लेखाजोखाका लागि प्रयोग गरिएका विषयगत क्षेत्र, सूचक, अपेक्षित अबस्था, हालको विद्यमान अबस्था**

**विषयक्षेत्र - १: शासकीय प्रवन्ध**

| **१.१ समग्र अबस्था** | | | | |
|---|---|---|---|---|
| **सूचक क्षेत्र** | **अपेक्षित अबस्था** | **हालको विद्यमान अबस्था** | **प्राप्ताङ्क** | **पूर्णाङ्क** |
| १.१.१ (क) सभाको संचालन प्रक्रिया **(स्थाससंऐ दफा १९)** | सभाको बैठक भन्दा ७ दिन अगावै सदस्यहरूलाई छलफल र निर्णयका विषय हरूको स्पस्ट लिखित जानकारी गराउने गरिएको । | सभाको बैठक भन्दा अगावै सदस्यहरूलाई छलफल र निर्णयका विषय हरूको जानकारी गराउने गरिएको । | ०।५ | १ |
| १.१.१ (ख) कार्यपालिकाको निर्णय प्रक्रिया **(स्थाससंऐ दफा १७)** | खुल्ला रुपमा छलफल भई सर्वसम्मत रूपमा निर्णयहरु हुने गरेको । | खुल्ला रुपमा छलफल भई अधिकतम सहमतिमा निर्णयहरु हुने गरेको । | १ | १ |
| १.१.२ सभा/ कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्याविधि र मापदण्ड तथा निर्णयहरुको सार्वजनिकिकरण **(स्थाससंऐ दफा १०२ को ३, नेपालको संविधानको धारा २७, सूचनाको हक)** | सभा/ कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्याविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकिकरण गर्दा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गर्ने तर अन्य निर्णयहरु पालिकाको वेबसाईट, सूचना पाटी र अन्य सञ्चार माध्यम मार्फत सार्वजनिक गर्ने गरेको। | सभा र कार्यपालिकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण गर्ने नगरेको । | ०।५ | १ |
| | | **जम्मा प्राप्ताङ्क** | **२** | **३** |

### १.२ प्रक्रियागत अवस्था

| सूचक क्षेत्र | अपेक्षित अबस्था | हालको विद्यमान अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| १.२.१ सभा र कार्यपालिकाका समिति/उप-समिति सञ्चालन सम्बन्धी कार्यविधि **(स्थाससंऐ दफा १४, ४६, ६५, ६६,६७)** | स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भएका कार्यपालिकाका समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्वन्धी कार्यविधि निर्माण भई कार्यान्वयन भएको | स्थानीय सरकार सञ्चालन ऐनमा ब्यवस्था भएवमोजिम कार्यपालिका समिति/उपसमितिहरुको बैठक र सभा सञ्चालन सम्वन्धी कार्यविधि निर्माण भएको भई कार्यान्वयन भएको | १ | १ |
| १.२.२ कार्यपालिकाको बैठक सञ्चालन **(स्थाससंऐ दफा १७, वैठककार्य संचालन नियमावली)** | कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप सञ्चालन हुने गरेको। | कार्यपालिकाको बैठक निर्धारित विधि अनुरूप सञ्चालन हुने गरेको। | १ | १ |
| १.२.३ आन्तरिक नियन्त्रण प्रणाली **(स्थाससंऐ दफा ७८)** | गाउंपालिकाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न नीतिगत व्यवस्था भई कार्यन्वयन भएको साथै नियमित अनुगमन र पृष्ठपोषण भएको। | गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्न कुनै नीतिगत व्यवस्था नभएको। | ०।५ | १ |
| १.२.४ स्थानीय तहका पदाधिकारी र कार्मचारीहरुको सम्पत्ति विवरण **(स्थाससंऐ दफा ११०)** | स्थानीय तहका पदाधिकारीहरु सबैले कानुन वमोजिम पेश गर्नुपर्ने सम्पत्ति विवरण पेश गरेको। | स्थानीय तहका पदाधिकारीहरु केहीले कानुन वमोजिम पेश गर्नुपर्ने सम्पत्ति विवरण पेश गरेको। | ०।५ | १ |
| | | **जम्मा प्राप्ताङ्क** | **३** | **४** |

** कमजोर: २५% सम्म, सामान्य: ५०% सम्म, राम्रो: ७५% सम्म, उत्तम: ७५% भन्दा माथी*

### १.३ परिमाणात्मक अवस्था

| सूचक क्षेत्र | अपेक्षित अबस्था | हालको विद्यमान अबस्था | प्राप्ताङ्क | पूर्णाङ्क |
|---|---|---|---|---|
| १.३.१ मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या **(स्थाससंऐ दफा १७, वैठककार्य संचालन नियमावली)** | महिनामा कम्तिमा १ पटक बैठक बसी पर्व निर्णयहरूको कार्यान्वयन अवस्था बारेमा समीक्षा गर्ने गरेको | महिनामा कम्तिमा १ पटक बैठक बसेको | ०।५ | १ |
| १.३.२ लेखा प्रणालीमा SUTRA को प्रयोग **(स्थाससंऐ दफा ७२)** | योजना, बजेट र खर्चमा SUTRA प्रयोग भएको | योजना, बजेट र खर्चमा SUTRA प्रयोग भएको | १ | १ |
| | | **जम्मा प्राप्ताङ्क** | **१।५** | **२** |
| | **विषयगत क्षेत्र १ को कुल जम्मा प्राप्तांक** | | **६।५** | **९** |

विषयक्षेत्र - २: संगठन तथा प्रशासन

| **२.१ समग्र अवस्था** | | | | |
|---|---|---|---|---|
| **सूचक क्षेत्र** | **अपेक्षित अवस्था** | **हालको विद्यमान अवस्था** | **प्राप्ताङ्क** | **पूर्णाङ्क** |
| २.१.१ (क) गाँउपालिकाको क्षमता विकास ।( **स्थाससंऐ दफा १०२.२)** | क्षमता विकास योजना तयार भई वार्षिक लक्ष्यको ८० प्रतिशत भन्दा बढी कार्यान्वयन भएको । | क्षमता विकास योजना तयार नभएको र क्षमता विकास कार्यक्रमका लागि बजेट विनियोजन नभएको | ० | १ |
| २.१.२ प्रतिवेदन तथा विवरण प्रेषण । **(स्थाससंऐ दफा ७६ को ५ र असविव्यऐ दफा ३२)** | सङ्घ र प्रदेश लाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु तोकिएको समयमा पठाई विवरणहरु कार्यालयको वेब साइटमा राखिएको | सङ्घ र प्रदेश लाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु तोकिएको समयमा पठाई विवरणहरु कार्यालयको वेब साइटमा राखिएको । | १ | १ |
| | | **जम्मा प्राप्ताङ्क** | १ | २ |
| **२.२ प्रक्रियागत अवस्था** | | | | |
| **सूचक क्षेत्र** | **अपेक्षित अवस्था** | **हालको विद्यमान अवस्था** | **प्राप्ताङ्क** | **पूर्णाङ्क** |
| २.२.१ विषयगत महाशाखा, शाखा/ उपशाखा/एकाइहरुको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण । **स्था. स.स.ऐनको दफा ८३ अनुसार )** | सबै संरचना तथा कार्यरत जनशक्तीको कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइएको तथा विवरणहरूलाइ वेवसाइटमा राखिएको । | केही मात्र संरचना तथा जनशक्तीको कार्य विवरण तयार भएको तर कार्यान्वयन नभएको | ०।५ | १ |
